**नेपाल सरकार**

## गोश्वारा हुलाक कार्यालय

**सुन्धारा, काठमाडौंको**

# आल्मुनियम पार्टीसन कार्य सम्बन्धी शिलबन्दी दरभाउपत्र आब्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।०२।१०**

यस कार्यालयको लागि आवश्यक पर्ने आल्मुनियम पार्टीसन कार्य गर्नुपर्ने भएकोले त्यस्तो पार्टीसन कार्य गर्न सक्ने इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, कम्पनी, संस्था वा सप्लायर्सले तपशील बमोजिमको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. शिलबन्दी दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिन सम्मको कार्यालय समयभित्र दरभाउपत्र माग गरेको निवेदन साथ रु. १०।- को टिकट टाँसी नवीकरण भएको संस्था दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ. व. २०७३/०७४ को करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी यस जिन्सी शाखामा रु. १०००।- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्र फारम साथ नवीकरण भएको संस्था दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र आ. व. २०७३।०७४ को करचुक्ता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपीहरु एवं शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा लिएको नगदी रसिद संलग्न गरेको हुनु पर्नेछ ।

३. शिलबन्दी दरभाउपत्र फारम साथ रु२२,०००।- कोष तथा लेखा नियन्त्रकको कार्यालय भुक्तानी केन्द्र नं. १ त्रिपुरेश्वरको नाममा राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको धरौटी खाता नं. १७००२०३ मा जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी भई सूचना प्रकाशित भएको मितिले कम्तीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको दरभाउपत्र जमानत ( बिडवण्ड) पेश गर्नुपर्नेछ । दरभाउपत्र स्वीकृत भएपछि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० बमोजिम हुन आउने धरौटी रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा २०७५ श्रावण मसान्तसम्म म्याद भएको Performance Bond पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्र फारम बुझाउँदा सिलबन्दी गरी खाम बाहिर आल्मुनियम पार्टीसन कार्य **सम्बन्धी शिलबन्दी दरभाउपत्र** " भनी स्पष्ट रुपमा लेखी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको मध्यान्न १२ बजेभित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दर्ता भएका उक्त शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । सो दिन बिदा परेमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य गरिनेछ ।

५. दरभाउपत्र आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरिएको छ र सोही बमोजिम हुनेछ ।

७. यो सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद (संशोधन सहित) नियमावली २०६४ र अन्य प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

८. दरभाउपत्र सम्बन्धी सूचना कार्यालयको Website www.gpo.gov.np समेत हेर्न सकिनेछ ।